# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेनी, म्याग्दी

**आर्थिक वर्ष २०८१/०८२ को छैटौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरू**

(मिति २०८१/०९/०३)

**प्रस्तावहरु:**

१. पूर्व निर्णयको समीक्षा सम्बन्धमा ।

२. बेनी नगरपालिकाको विनियोजन (पहिलो संशोधन) विधेयक, २०८१ सम्बन्धमा ।

३. बजेट संशोधन सँगै थप भएका र संशोधन गर्नुपर्ने योजना तथा कार्यक्रम सम्बन्धमा ।

४. चालु आर्थिक वर्षको हाल सम्मको वित्तीय तथा शाखागत कार्यप्रगति छलफल सम्बन्धमा ।

५. करार सेवाबाट हटाइएका कर्मचारीको गुनासो र सम्मानित अदालतको आदेश सम्बन्धमा ।

६. चालु आर्थिक वर्षमा हालसम्म प्रदान गरिएको आर्थिक सहायता तथा विपद् राहत रकम सम्बन्धमा ।

**निर्णय नं. १**

यस नगरपालिकाको यस पूर्व गरिएका निर्णयको समीक्षा गरियो । सबै निर्णयहरू कार्यान्वयनको प्रक्रियामा रहेका छन् ।

**निर्णय नं. २**

बेनी नगरपालिकाको विनियोजन (पहिलो संशोधन) विधेयक, २०८१ स्वीकृत गर्न नगरसभामा पेस गर्ने ।

**निर्णय नं. ३**

यस आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम संशोधन भई थप हुने अनुसूची-१ मा उल्लेख भए बमोजिमका योजना तथा कार्यक्रमहरु र बेनी नगरपालिकाको चालु आर्थिक वर्षको लागि स्वीकृत भएका तर विविध कारणले कार्यान्वयन हुन नसकी संसोधन गरी कार्यान्वयनमा लैजानुपर्ने वडा तथा नगर कार्यपालिका तर्फका अनुसूची-२ मा उल्लेख भए बमोजिमका योजना तथा कार्यक्रमहरू स्वीकृतिका लागि नगरसभमा पेस गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

**निर्णय नं. ४**

चालू आर्थिक वर्षको हालसम्मको शाखागत र वित्तीय प्रगति तयार गरी विषयगत समितिको संयोजकबाट नगरसभामा पेस गर्ने ।यसको लागि सबै विषयगत समितिले तत् तत् समिति अन्तर्गतका विषयगत शाखासँग समन्वय गरी प्रगति प्रतिवेदन तयार गर्ने ।

**निर्णय नं. ५**

बेनी नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम करार सेवा अवधि थप नभई सेवाबाट हटाइएका तपशील बमोजिमका कर्मचारीलाई श्री उच्च अदालत पोखरा बाग्लुङ इजलाशको निर्देशनात्मक आदेश समेतलाई सम्मान गर्दै देहायबमोजिमको आर्थिक सुविधा उपलब्ध गराउने गरी निर्णय हुन नगरसभामा प्रस्ताव पेस गर्ने ।

| क्र.स. | नाम/थर | सेवाबाट हट्दा कार्यरत तह वा पद | नगरपालिकामा सेवा प्रदान गरेको अवधि | स्वीकृत आर्थिक सुविधा रु. |
|---|---|---|---|---|
| १. | दिपक शर्मा | खरिदार/चौथो | १९ वर्ष ३ महिना | २०००००।- |
| २. | निर्मला पौडेल | खरिदार/चौथो | १२ वर्ष १० महिना | १२००००।- |
| ३. | सोविता शर्मा कँडेल | सहायकस्तर पाँचौं | ४ वर्ष ७ महिना | ३५०००।- |
| ४. | युवराज आचार्य | सहायकस्तर पाँचौं | ४ वर्ष ३ महिना | ४००००।- |
| ५. | ज्ञानेन्द्र के.सी. | सहायकस्तर पाँचौं | ४ वर्ष ११ महिना | ५००००।- |
| ६. | थप बहादुर शाही | सवारी चालक | ७ वर्ष ५ महिना | ५००००।- |
| ७. | गोपाल शर्मा | सवारी चालक | ३ वर्ष २ महिना | २००००।- |
| | जम्मा रु. | | | ५,१५,०००।- |

**निर्णय नं. ६**

चालु आर्थिक वर्षमा हालसम्म वडा वडासमितिको निर्णय, नगर प्रमुखको तोक आदेश तथा नगर कार्यपालिकाको निर्णयबाट विपन्न नागरिकलाई प्रदान गरिएका आर्थिक सहायता तथा विपद् राहत स्वरुप भुक्तानी गरिएका रकमहरु अनुमोदन गर्न नगरसभामा पेस गर्ने ।

सुरत कें.सी.
नगर प्रमुख